कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**निर्णय नं. १**

श्री ज्ञान ज्योती मा.वि. कोहलपुर १२ को प.सं. ०७५/०७६, च.नं. २४ र मिति २०७५ ५ १४ को पत्रानुसार सहयोग माग भएकोमा उक्त विद्यालयको निरिक्षण गरि अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

ईलाका प्रशासन कार्यालयको भवन निर्माणको लागि जग्गा माग भएकोमा लर्ड बुद्ध एजुकेशन एकेडेमी नेपालगंज मेडिकल कलेज नर्सिङ्ग अस्पताल अन्तंगत रहेको वडा नं. ५ वा हाल कार्यालय संचालन गरि रहेको नगर विकास समितिको स्वामित्वमा रहेको जग्गा मागको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

उपभोक्ता समितिको लागि सहयोगी पुस्तिका - २०७५ अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

कोहलपुर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको घर धुरी सर्वेक्षणको लागि सर्वेक्षकलाइ साक्षरता कार्यक्रम खर्च शिर्षकबाट निर्वाह खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

कोहलपुर नगरालिका वडा नं. १४ बस्ने बाढी पिडित छिटन खटिकलाई घर निर्माणको लागि मिति २०७४/८/८ को कार्यपालिका बैठकले रु.२०,००० - सहयोग गर्ने भनि निर्णय भएकोमा भुक्तानी लिन बाँकी भएकोले उक्त रकम सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

बाँके बहिरा क्रिकेट संघलाई आर्थिक सहयोग शिर्षकबाट रु. १०,०००। सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

प्रत्येक वडाहरुमा राजश्व संकलन सफ्टवयेर जडानको लागि आर्थिक तथा प्राविधिक प्रस्तावना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

रेडियो प्रतिबोध एफ.एम. का प्रतिनिधि अध्ययन भ्रमणका लागि बाह्य मुलुकमा जान लागेको हुँदा यातायात, खान, बस्नको लागि आर्थिक सहयोग शिर्षकबाट रु.१०,०००। अक्षरेपी दश हजार सहयोग गर्ने निर्णय गरियो ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**निर्णय नं.९**

कोहलपुर चौराहामा रेलिङ्ग निर्माण गरि वृक्षारोपण गर्नु पर्ने भएकोले विविध कार्यक्रम शिर्षकबाट लगत ईष्टिमेट बमोजिम रु.६,११,०००। अक्षरेपी छ लाख एघार हजार विनियोजित गरी उ.स. मार्फत कार्य गराउने निर्णय गरियो ।

**निर्णय नं.१०**

कोहलपुर नगरपालिकामा कार्यरत सामाजिक परिचालक माया गुरुङ्ग र बाल कुमारी भुसाललाई मिति २०७४/१२/०६ गते बसेको बैठकले २०७५/३/३० गते सम्म करार नियूक्ति गर्ने भनि निर्णय गरेकोमा २०७५ श्रावण देखि लागु हुने गरी पौष मसान्त सम्म करार सम्झौता गर्ने र सामाजिक परिचालक श्री पदमा रावललाई ज्यालादारीमा सम्झौता गरी सोही बमोजिम पारिश्रमिक दिने निर्णय गरियो ।

**निर्णय नं.११**

नगरपालिका मातहतका विषयगत शाखा कार्यालयहरुमा अघिल्लो आ.व. सम्म नियमित कार्यरत कर्मचारीहरुको मिति २०७५/४/२ गते करार म्याद थप गर्न छुट भएकोले छुट भएका कर्मचारीहरुको सम्झौता बमोजिम करार म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२**

कोहलपुर ११ एकतानगरको बाटो बाटो ग्रयाभेल गरे बापत भुक्तानी दिन बाँकी रकम रु.१,१८,६४०। अक्षरेपी रु. एक लाख अठार हजार छ सय चालिस र सोही वडाको एन.टि.भि. रोड पछाडी ग्रयाभेल गरे बापत भुक्तानी दिन बाँकी रु.४५,०००। अक्षरेपी रु. पैत्तालिस हजार दिने निर्णय गरियो ।

**निर्णय नं.१३**

गत आर्थिक वर्षमा खरिद भएका विद्युत पोल तथा ह्यूम पाइपको उप्रेती पोल एण्ड पाइप प्रा.ली. लाई भुक्तानी दिन बाँकी रु.३,०६,२८७ यस चालु आ.व.मा पोल तथा पाइपमा विनियोजन गरिएको रकम रु. ~~३०,०००००।~~ २५०००००/- बाट भुक्तानी दिई बाँकी रहेको रकमको टेण्डर आह्वान गर्ने मर्मत सम्भार शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४**

कोहलपुर नगरपालिका अन्तंगतका वडा कार्यालयहरु र नगरपालिकाको कार्यालयमा हेल्प डेस्क संचालनको लागि साझेदार संस्थाको रुपमा वातावरण तथा ग्रामिण विकास केन्द्र (इन्रुडेक) कोहलपुर संग अघिल्लो आ.व. मा सम्झौता भई कार्य सन्तोषजनक भएको र सेवा प्रवाहमा थप सहायता प्राप्त भएको हुँदा यो आ.व. मा पनि उक्त संस्था संग निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.१५**

कोहलपुर नगरपालिकाको आ.व. २०७५/०७६ को दर रेट विश्लेषण पास गर्ने निर्णय गरियो ।

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**निर्णय नं.१६**

कोहलपुर नगरपालिकालाई आवश्यक पर्ने नगर प्रहरी भर्नाको लागि कार्यविधि संशोधन सहित प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.१७**

यस नगरपालिकामा "घ" वर्गको निर्माण व्यवसायी इजाजत प्रमाण पत्र प्राप्तका लागि रित पूर्वक आवेदन प्राप्त भएका

**तपसिलः-**

क) बैभव इन्टरनेशनल प्रा.लि. कोहलपुर -११

ख) नलगार कन्स्ट्रक्सन कम्पनी कोहलपुर - २

ग) सुगन्धा विल्डर्स एण्ड इन्भेष्टमेन्ट प्रा.लि. कोहलपुर -११

घ) ओली कन्स्ट्रक्सन कोहलपुर - १५ लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत प्रमाण पत्र दिने निर्णय गरियो ।

**निर्णय नं.१८**

गत आर्थिक वर्षमा टेण्डर आह्वानबाट संचालन र सम्पन्न भएका योजनाहरुको निर्माण व्यवसायीबाट धरौटी बापत राखेको रकम फिर्ता गर्दा उक्त योजनाको अनुगमन गरी धरौटी रकम फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९**

कोहलपुर नगरपालिकाका वडा कार्यालयहरुबाट ह्यूमपाइपहरु माग भएकोमा वडा समितिको अनुगमन र सिफारिसको आधारमा उपयुक्त स्थानमा ह्यूमपाइपहरु उपलब्ध गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०**

नेपाल सरकार वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको प.सं.०७५/०७६, च.नं. ३३० र मिति २०७५/५/२५ को पत्रानुसार फोहरमैला व्यवस्थापन ऐन २०६८ ले अंगिकार गरेको निति अनुसार स्थानीय स्तरबाटै फोहरको प्रभावकारी व्यवस्थापनको माध्यमबाट स्वच्छ तथा हरियाली शहर निर्माणमा टेवा पुऱ्याउनको लागि कुल परियोजना लागतको ४० प्रतिशत वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले अनुदानको व्यवस्था गर्ने नविकरण उर्जा अनुदान निति २०७३ उल्लेख भएकोमा बाँकी ६० प्रतिशत लगानी समपुरक कोषको रुपमा नगरपालिकाले गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१**

अञ्चल यातायात व्यवस्था कार्यालय कोहलपुरमा स्थापनाको लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

०७५/०७/१३

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**निर्णय नं.२२**

कोहलपुर नगरपालिका वडा नं. ३ अन्तंगत श्री जनता मा.वि. मैटहवामा गुणस्तरीय शिक्षा एवं सिकाई प्रक्रियालाई व्यवस्थित गरी जवाफदेहिता र पारदर्शी शिक्षणलाई उत्प्रेरित गर्न विद्यालयको शिक्षण प्रक्रियाको अनुगमन, नियमनको लागि School Management Software जडान गर्नको लागि इम्पेटस टेक्नोलोजी नेपाल प्रा.लि. संग सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३**

कोहलपुर नगरपालिकाका नगर उप-प्रमुख Exposure Visit को रुपमा फिलिपिन्सको भ्रमणमा जानुपर्ने भएकोले नेपालमा लाग्ने खर्च नियमानुसार नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं.२४**

यस नगरपालिकाको छाडा चौपाया व्यवस्थापनका लागि सार्वजनिक सूचना प्रकाशन गरी प्रस्तावना आह्वान गरी उपयुक्तताको आधारमा संस्था छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५**

नगर प्रमुखले तत्काल कुनै समस्याको समाधान गर्नुपर्ने भएमा नगर उप-प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाइ जानकारी दिइ आदेश दिन सक्ने निर्णय गरियो ।

**निर्णय नं.२६**

साविक त्रिपुरा गणको तार वार लगाउनको लागि आबश्यक पर्ने रकम ल.ई. कामको मूल्याङ्गनका आधारमा विविध कार्यक्रम खर्च बाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२७**

यस कोहलपुर नगरपालिकाको अगुवाईमा निर्माण गरीने व्यवस्थित तथा आधुनिक पशु वधसाला निर्माण गर्नका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बुटवलको मिति २०७५ ०६ ०१ को सुचना अनुसार पशु वधशाला स्थापना सहयोग तथा प्रवर्द्धन कार्यक्रम अन्तंगत यस नगरपालिकाको तर्फबाट आन्तरिक श्रोतबाट रु.१,९७,५०,०००। अक्षेरुपी एक करोड सन्तानब्बे लाख पचास हजार रुपैया लगानी गर्ने निर्णय गरीयो ।

**निर्णय नं.२८**

कोहलपुर नगरकार्यपालिकाको तर्फबाट आम नगरबासीहरुलाई विजया दशमी, शुभ दिपावली एवं छठ पर्वको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)